Office of the Personal Representative of the Secretary General in Nepal

नेपालस्थित महासचिवका स्वकीय प्रतिनिधिको कार्यालय

12 January 2007

**प्रेस विज्ञप्ति**

राष्ट्रसंघको सुरक्षा परिषद्मा भएको नेपालबारेको उत्साहप्रद छलफल एवं राष्ट्रसंघीय अनुगमनकर्ताहरूले अर्को सातादेखि माओवादीको हातहतियार र सैन्यको दर्ता कार्यको थाल्नी गर्ने हुादा महासचिवका नेपालस्थित स्वकीय प्रतिनिधि इयान मार्टिनले न्यूयोर्कमा शुक्रबार भन्नु भयोः “शान्ति प्रकृया एउटा अर्को महत्वपूर्ण मोडमा आइपुगेको छ र यी दुवै विषयमा निरन्तर प्रगति कायमै रहने कुरा हामी अपेक्षा गर्दछौं ।”

मार्टिनले बिहिबार सुरक्षा परिषदमा महासचिवको नयाा प्रतिवेदनबारे जानकारी गराउादै सो टिप्पणी गर्नु भएको हो । उक्त प्रतिवेदनमा महासचिवले नेपालमा चालू शान्ति प्रकृयालाई सघाउन संयुक्त राष्ट्रसंघद्वारा एउटा पूर्ण राजनीतिक नियोग स्थापना गर्नका लागि प्रस्ताव राख्नु भएको छ ।

परिषदमा भएका बन्द सत्रको छलफलपश्चात सुरक्षा परिषदका अध्यक्ष तथा रुसी महासंघका स्थायी प्रतिनिधि राजदूत भिटाली चुर्किनले पत्रकारहरूलाई सुरक्षा परिषदका सदस्यहरू शान्ति प्रकृयामा संलग्न “सकारात्मक आयामहरू” प्रति सन्तुष्ट रहेको र नियोगको यथाशीघ्र स्वीकृतिका लागि मार्टिनले गरेका आह्वान तथा शान्ति प्रकृयामा उदार अन्तर्राष्ट्रिय सहयोगबारे सकारात्मक ढंगले प्रतिक्रिया जनाउन इच्छुक रहेको कुरा बताउनु भयो ।

राजदूत चुर्किनका अनुसार, “परिषदका सदस्यहरूले नेपालमा महासचिवको सिफारिसको आधारमा शान्ति सम्झौतामा उल्लिखित पूर्वाधारभित्र रही संयुक्त राष्ट्रसंघीय नियोग तत्काल खडा गर्ने आवश्यकताप्रति समर्थन जनाए । त्यस विषयसम्बन्धी एक मस्यौदा निर्णय तयार गरी सुरक्षा परिषद्द्वारा यथासमयमा विचार गरिनेछ ।”

यसैबीच महासचिवको स्वकीय प्रतिनिधिको कार्यालयले जनाएअनुसार आउादो सातादेखि संयुक्त राष्ट्रसंघको सुपरिवेक्षणमा अस्थायी शिविरहरूमा हतियार दर्ता तथा भण्डारणका साथै माओवादी सैन्यहरूको दर्ता कार्य थाल्नी गर्नेछ । काठमाण्डूमा आज संयुक्त

अनुगमन समन्वय समितिले सो व्यवस्थापनसम्बन्धी छिनोफानो गर्न छैठौं भेला गऱ्यो । हाल नेपालमा ३० अनुगमनकर्ताहरू रहेका छन् – जसमध्ये एक टोली नेपालगञ्जबाट र अर्को टोली काठमाण्डूबाट कार्य गर्नेछन् । अर्को साताको प्रारम्भसम्ममा देशमा ३५ अनुगमनकर्ताहरूको पूर्ण अग्रिम टोली आइपुग्ने छ ।

दर्ता प्रकृयामा अनेक घटकहरू हुनेछन् । हरेक प्रमुख अस्थायी शिविर स्थलमा दर्ता कार्यका लागि स्थान निर्धारण गरिनेछ र त्यसमा दर्ता गर्ने टोली, अन्तरिम कार्यदल तथा संयुक्त राष्ट्रसंघीय अनुगमनकर्ताहरूले आफ्ना जिम्मेवारी वहन गर्ने काम सुचारु राख्नेछन् । संयुक्त राष्ट्रसंघीय अनुगमनकर्ताहरूले दर्ता प्रकृयाको सुपरिवेक्षण गर्नेछन् । यस कार्यमा उनीहरूलाई संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमद्वारा व्यवस्थित सात दर्ता टोलीहरूले सघाउने छन् । अन्तरिम कार्यदल पनि दर्ता कार्यको सिलसिलामा त्यहीं उपस्थित रहनेछ र उनीहरूको उपस्थितिले एकल सााचो व्यवस्थापनअन्तरगत राखिएका हतियार भण्डारण गर्ने कन्टेनरहरूको चौबीसै घण्टा अनुगमन गर्न सकिनेछ ।

साथै संयुक्त राष्ट्रसंघीय टोलीले यसै महिनामा २५ जना निर्वाचन विज्ञहरूको पूर्ण प्रारम्भिक समूह आइपुग्ने अपेक्षा गरेको छ ।